## छथर गाउँपालिकाको आ.व. ०७६।०७७ को असार १० गते प्रस्तुत गरी पारित वार्षिक नीति तथा कार्यक्रम

**छथर गाउपालिका**
**तेह्रथुम**

## आ.व.०७६।०७७ को निति तथा कार्यक्रम

१.मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय सहितको समानुपातिक समावेशी शासन व्यवस्था, मौलिक हक, विविधता बीच एकता, सहिष्णुता र धर्मनिरपेक्षता जस्ता महत्वपूर्ण उपलब्धि संस्थागत भएका छन् । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको नयाँ युग सुरु भएको छ । यी ऐतिहासिक उपलब्धिका लागि आन्दोलनका विभिन्न कालखण्डमा जीवन बलिदान गर्नुहुने सहिदहरू र छथर गाउपालिकाको भुमिमा रगत बगाएका सहिदहरु नेत्र गुरागाई,दिलु ईम्सङ,राजकुमार खड्का, लिला फोम्बोहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

२.सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको संविधान कार्यान्वयनको महत्वपुर्ण चरण र नया युगको थालनीको रुपमा स्थानिय तहको निर्वाचन सम्पन्न भई संघियता,समृद्धि र समाजवादको आधारशिला निर्माणमा ऐतिहासिक योगदान पुगेको छ तसर्थ समृद्ध र सबल छथर गाउपालिका निर्माण गर्न जग बसाल्ने यस एतिहासिक अवसरका लागी सम्पुर्ण छथरवासी जनतामा हार्दिक आभार सहित साथ सहयोगको उच्च सम्मान गर्दै धन्यवाद दिन चाहान्छु ।

३.छथरे जनताको साथबाट लोकतान्त्रिक प्रक्रियाबाट स्थानिय सरकार निर्माण भएपछि तेश्रो पटक यस सम्मानित सभाबाट नीति तथा कार्यक्रम प्रस्तुत गर्ने यो अवसरलाई गौरव महसुस गरीरहेको छु । जनताको लामो बलिदानपूर्ण संघर्ष र प्रमुख राजनीतिक दलहरूको एकता र सहकार्यबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्ने त्यस ऐतिहासिक समयको यस घडिमा सुखद स्मरण समेत गर्न चाहन्छु ।

४.छथर गाउपालिका आफैमा लामो ऐतिहासिक पृष्टभुमि बोकेको भुमि भएकाले यस भित्रका परम्परागत पेशा,व्यावसाय,कृषि,अन्य आर्थिक सामाजिक, सास्कृतिक,धार्मिक आस्थाहरुसग जोडिएका पहिचानमा रहेका पर्यटकिय स्थलहरुलाई संरक्षण,प्रवर्द्धन र ब्यावसायिकरण गरी छथरे जनताको जिविकामा सहज बनाउदै समृद्ध छथर निर्माणको जग बसाल्ने थालनिको रुपमा यस सभा मार्फत निति तथा कार्यकम र बजेट प्रस्तुत गरिरहेको छु ।

५.जनताको स्वशासन प्रत्याभुत गर्दै जनताको घरआगनमा पुग्न सके मात्रै लोकतन्त्रले सार्थकता पाउने मान्यतामा उभिएर म सधै अधिकार सम्पन्न स्थानिय सरकारको पक्षमा दृढताका साथ पैरवि गर्नेछु । समावेशी प्रतिनिधित्व र विकास निर्माण एवम साधन श्रोतमा जनताको स्वामित्वले मात्रै लोकतन्त्रलाई सुदृढ गर्न सक्ने विश्वासका साथ **आफ्नो गाउ आफै बनाऔ** नारालाई थप सार्थक तुल्याउने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

## आर्थिक विकास : कृषि र पर्यटनमा आर्थिक बृद्धि, छथर गाउपालिकाको समृद्धि ।

६. आर्थिक वर्ष ०७५।०७६ मा गाउपालिकाको बजेट र ज्ञान केन्द्र अन्तर्गत प्रधानमन्त्रि कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ८० थान टनेल र ८८ थान प्लाष्टिक पोखरी वितरण भएको र यस कार्यलाई निरन्तरता दिई ७५ प्रतिशत अनुदानमा प्लाष्टिक पोखरी र टनेल वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

७. गाउपालिकामा तरकारी ब्लक निर्माण गरी निरन्तरता दिने अकवरे खुर्सानी, कागती सुन्तला, फलफुल पकेट कार्यक्रमलाई निरन्तरता दिदै व्यवसायिकरणमा जोड दिईनेछ । कृषकहरुलाई बेमौसमी तरकारी उत्पादन, फलफुल, विउ विजन, विषादी आदि कार्यमा प्रोत्साहन गर्नका लागि विशेष राहत र अनुदानको व्यवस्था मिलाईनेछ ।

८. कृषि व्यवसायलाई दिगो र परिणममुखी वनाउन **गाउ पालिका अध्यक्ष एक टोल एक उत्पादनको कार्यक्रम** लागु गरी कार्यन्वयन गरिनेछ । स्थानीय स्तरमा उत्पादित कृषि उपजलाई सहज रुपमा बजारीकरण र विक्री वितरणको व्यवस्था मिलाउन कृषि हाट बजार, कृषि उपज संकलन केन्द्रको स्थापना गरिनेछ । स्थानीय स्तरमा कम्पोष्ट र गडेउले मलको उत्पादनका लागि कृषकहरुलाई प्रोत्साहित गरिनेछ । र सो सम्वन्धि लघु वा मझौला उद्योग गाउँपालिका स्वयंले वा लागत सहभागितामा स्थापना गर्नका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

## छथर गाउँपालिकाको आ.व. ०७६।०७७ को असार १० गते प्रस्तुत गरी पारित वार्षिक नीति तथा कार्यक्रम

९. यस छथर गाउँपालिकाको कृषि सेवा केन्द्र मार्फत करारमा परिचालित कृषि प्राविधिकहरुको आवस्यक ब्यावस्थान सहित कार्यायोजनाको आधारमा कार्य सम्पादनको ब्यावस्था मिलाई प्राविधिक सेवामा ब्यावस्थीत गरिनेछ । गाउपालिकामा उत्पादित कृषि जन्य वस्तुलाई बजारीकरण गर्नका लागी गाउपालिका केन्द्रमा एक मिनि कोल्डस्टोर निर्माणका लागी पहल गरीनेछ ।

### पशु पंक्षी विकास सम्बन्धी

१०. खुला र अव्यवस्थित पशुबधशालाको कारणबाट मानव स्वास्थ्यमा हुन सक्ने हानी नोक्सानीलाई न्युनिकरण गरी संविधान प्रदत्त स्वास्थ्य सम्वन्धि हकको प्रचलन तथा गुणस्तरीय र स्वस्थ वस्तु उपभोग गर्न पाउनु पर्ने उपभोक्ताको अधिकारलाई सम्मान गर्दै शुक्रवारे बजार क्षेत्र आसपासमा एक व्यवस्थित बधशाला स्थापना गरिनेछ ।गाउपालिकालाई माछा मासु फुल र दुग्ध मा आत्मा निर्भर बनाउनमा विसेष कार्यक्रम सहित योजना बनाई लागु गरीनेछ ।

११. स्थानीय बजार क्षेत्रभित्र स्वच्छ र सफा मासुजन्य पदार्थ विक्री वितरणका लागि आवश्यक सचेतनात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक क्रियाकलाप संचालन गरिनेछ साथै व्यवसायिक रुपमा पशुपालन प्रवर्द्धनका लागि स्थान विशेषका आधारमा डाले तथा भुईघांस नर्सरी स्थापना गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

१२. यस छथर गाउँपालिकाको पुश सेवा केन्द्रमा रहेको पशु प्रयोगशालालाई अझ बढी व्यवस्थित र साधन सम्पन्न गराई पशु रोगको आधारभुत उपचार स्थानीय स्तरमानै उपलव्ध हुन सक्ने गरी स्तरोन्नती गरिनेछ । साथै पशु प्राविधिकहरुलाई ल्याव संचालन र पशु रोगको उपचार र निदान सम्वन्धि तालिम उपलव्ध गराइनेछ । गाउपालिका केन्द्रको विद्यालय श्री सरस्वति माध्यमिक विद्यालयमा पठनपाठन भईरहेको पशु विज्ञान सग सम्वन्धित प्राविधिक धारको पठन पाठन ब्यावस्थापनको लागी आवस्यक सहयोग गरी निरन्तरता दिईनेछ ।

### पर्यटन प्रवर्द्धनसम्बन्धी

१३.पाहाडी जिल्ला तेह्रथुमको पश्चिमि भागमा अवस्थित यस गाउँपालिका हावापानीको दृष्टिकोणले अनुपम रहेको छ । एकै गाउँपालिका भित्र पनि फरक फरक हावापानीको अनुभव हुने यस क्षेत्रमा पर्यटनको प्रवल सम्भावनालाई ध्यानमा राखि यहां अवस्थित ऐतिहासिक, पुरातात्विक, जातीय, भौगोलिक, धार्मिक, सांस्कृतिक, पर्यावरणीय तथा साहसिक पर्यटको विकास कार्यान्वयनमा ल्याइनेछ ।

१४.पर्यटनलाई प्राथमिकतामा राखि उचित बजेट विनियोजन गरिनेछ । साथै पर्यटकीय महत्वका स्थान तथा क्षेत्रहरुको बृत्तचित्र, ब्रोसियर तथा संचार माध्यम मार्फत प्रचार प्रसारको व्यवस्था गरी पर्यटनबाटै जीवनस्तर उकास्न सक्ने र गाउँपालिकाको आन्तरिक आय विस्तार गर्न सक्ने वातावरण तयार गरिनेछ । पर्यटकिय क्षेत्रमा पुर्वाधार र सुविधाको उचित प्रवन्ध गरिनेछ । सिंधुवा बाट यस गाउँपालिकामा प्रवेश गरिसके पछि कम्तिमा तीन दिन सम्म यहि क्षेत्रमा टिकाइ राख्न सक्ने गरी पर्यटकीय स्थल र पुर्वाधारको विकास गरिनेछ ।

१५.सिंधुवा शुक्रवारे दांगपा वसन्तपुर सम्मको पर्यटकीय सम्भावनालाई ध्यानमा राखि उक्त स्थानहरु जोड्ने कालोपत्रे सडक निर्माण कार्यलाई तिव्रता प्रदान गर्न जोड गरिनेछ । यसै आर्थिक वर्षमा गत वर्षहरुमा थालिएका पर्यटनका कार्यक्रमहरुलाई क्रमागत रुपमा संचालन गरीने र प्रधान मन्त्री पार्क यसै आर्थिक वर्षमा थालनी गरी शैक्षिक पर्यटनको केन्द्र बनाउन प्रयास थालिने, छथरे नागरीकहरुको दिवंगत अभिभावकहरुको सम्झनामा सबैले स्वत स्फुर्त निर्माण गर्न एक स्कृति पार्क स्थल निर्माणका लागी आवस्यक योजना निर्माण गरी कार्यन्वयन गरीनेछ ।

### सरकारी तथा गैर सरकारी संघ संस्था सम्बन्धी

१६.यस गाउँपालिका भित्र विकास निर्माण, सचेतना तथा क्षमता अभिबृद्धिका कार्यक्रम संचालन गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको दर्ता तथा अभिलेख अद्यावधिक गरिनेछ र त्यस्ता संस्थाहरुले कार्यक्रम संचालन गर्नु पुर्व आफ्नो प्रस्ताव, कार्यक्रम र बजेट सहित अनुमतिको लागि गाउँपालिकाको पुर्व स्विकृती लिनु पर्ने कानूनी व्यवस्था गरिनेछ ।

१७.सरकारी तथा गैरसरकारी संघ संस्थाले संचालन गरेका कार्यक्रमहरुको आवधिक प्रतिवेदन सम्बन्धित वडा कार्यालय तथा गाउँपालिकामा बुझाउनु पर्ने व्यस्था गरिनेछ र गाउपालिकामा सरकारी तथा गैर सरकारी संघसस्थाहरुसग लगानी तथा साझेदारी गरी एक द्वार प्रणालीमा प्रभावकारी कार्यक्रम संचालन गरीनेछ । गाउँपालिकाको आफ्नो श्रोतले अपुग हुने, तुलनात्मक रुपमा गरिबीको घनत्व ज्यादा भएको क्षेत्र, समुदाय, सेचतना र क्षमता अभिबृद्धि, पुर्ण अनुदान वा लागत सहभागितामा गरिने कार्यक्रम संचालनका लागि सरकारी तथा गैरसरकारी संघसंस्थालाई प्रोत्साहन र परिचालन गरिनेछ र स्थानीय धर्म, संस्कृति, मुल्य मान्यता र परम्पराको विरुद्ध हुने वा समुदाय विच मनमुटाव वा द्धेस उत्पन्न हुन सक्ने खालका कार्यक्रम संचालनमा सरकारी तथा गैरसरकारी संघसंस्थालाई पुर्णतः निषेध गरिनेछ ।

१९.सहकारी संस्थाहरुको नियमित अनुगमन गरी अनुगमन प्रतिवेदनको आधारमा सहकारी संस्थाहरुलाई व्यवस्थीत बनाउन प्रचलित कानुन बमोजिम सहकारी मर्ज गर्न प्रयत्न गरीने र सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गर्न विषयगत तालिम,अध्ययन अवलोकन, सहकारी शिक्षा लगायतको कार्यहरुको आयोजना गरीनेछ । सहकारी शाखालाई व्यवस्थीत बनाई प्रभावकारी योजना कार्यन्वयन,अनुगमन तथा ब्यावस्थापनका कार्यलाई प्रभावकारी बनाउन जोड दिईनेछ ।

## उद्योग वाणिज्य सम्बन्धी

२०.गाउपालिकामा संचालनमा रहेका साना तथा मझौला उद्योगहरुलाई प्रवर्दन गर्न आवस्यक श्रोत तयार गरी अनुदान तथा प्रोत्साहनका कार्यहरु संचालन गरीने र एक वडा एक उद्योग स्थापना कार्यक्रमलाई लागु गरी आवस्यक साझेदारीमा अनुदानको ब्यावस्था मिलाईनेछ । गाउपालिकाको शुक्रवारे बजारमा रहेको उद्योग वाणिज्य संघ लाई सकृय गराई पेशा ब्यावसायहरुलाई ब्यवस्थीत गर्न अन्तरकृया कार्यक्रमहरुको आयोजना गरी ब्यवस्थीत ब्यवसाय संचलनमा जोड दिईनेछ ।

२१.गाउपालिकामा संचालनमा रहेका वितिय बैंक तथा विमा संस्थानहरुलाई गाउपालिकामा सुचिकृत गराई आन्तरिक आम्दानीलाई बृद्धि गर्न जोड दिईनेछ र वितिय बैंक तथा विमा संस्थानहरु विच समन्वय गरी सुरक्षित लगानीको वातावरण तयार गरीनेछ । गाउँपालिकाले तोकेको क्षेत्र र विषयमा उद्योग संचालन गरी तोकेको संख्यामा रोजगारी प्रदान गर्ने उद्योगलाई करमा सहुलियत, अनुदान सहयोग जस्ता प्रोत्साहनात्मक कार्यक्रम संचालन गरिनेछ ।

२२.गाउँपालिका क्षेत्रभित्र संचालित व्यापार व्यवसायको वर्गिकरण गरी तोकिएको व्यवसाय वा पसलमा तोकिए बमोजिमको वस्तु मात्र विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । उदाहरणको रुपमा किराना पसलमा अन्य वस्तु विक्री गर्न प्रतिवन्ध लगाइनेछ र यस छथर गाउपालिका क्षेत्रभित्र संचालित र संचालन हुन चाहने व्यापार वा व्यवसायलाई अनिवार्य रुपमा गाउँपालिकामा दर्ता गरी मात्र व्यवसाय संचालन गर्न पाइने व्यवस्था गरिनेछ । र वार्षिक रुपमा निश्चित तोकिएको रकम करको रुपमा बुझाई नविकरण गर्ने/गर्नुपर्ने व्यवस्था समेत यसै आर्थिक वर्ष देखि कार्यान्वयमा ल्याइनेछ ।

## समाजिक विकास : छथर गाउपालिकाको समृद्धि, शिक्षा स्वास्थ्य खानेपानीमा प्रगति ।

## शिक्षा तथा खेलकूद सम्बन्धी

२३.विद्यालय जाने उमेर पुगेका तर विद्यालय नगएका वालवालिकाहरुलाई विद्यालय सम्म पुग्ने वातावरण निर्माणका लागि जनप्रतिनिधिहरु र संबन्धित अभिभावक विचमा अन्तरक्रिया र सचेतनाका कार्यक्रम संचालन गरी सत प्रतिशत विद्यालय भर्ना सुनिश्चित गाउपालिका घोषणालाई निरन्तरता दिईनेछ । गाउपालिका भित्रका विद्यालयहरुमा अघिल्लो आवमा सुरुवात गरीएको विद्युतिय हाजिरी प्रणालिलाई ब्यवस्थीत र प्रभावकारी बनाई ब्यवहारिक रुपमा कार्यन्वयन गर्न जोड दिईनेछ ।

छथर गाउँपालिकाको कार्यालय, पुक्लाई, तेह्रथुम, १ नं. प्रदेश नेपाल

## छथर गाउँपालिकाको आ.व. ०७६।०७७ को असार १० गते प्रस्तुत गरी पारित वार्षिक नीति तथा कार्यक्रम

२४.विद्यालयहरुमा नियमित अनुगमन स्थलगत निरीक्षण र सुपरीवेक्षण गर्ने व्यवस्था मिलाइनेछ । साथै अनुगमनकर्ताले दिएको प्रतिवेदनको आधारमा त्यस्ता कार्यालय, बिद्यालय, शिक्षक वा विद्यालयहरुलाई आवश्यक दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ । विद्यालयका शिक्षकहरुलाई विषयत तालिम, अध्ययन अवलोकन भ्रमण, वाल शिक्षकहरुलाई मन्टेश्वरी तालिम, अंग्रेजी माध्यमको तालिम,प्र.अ. क्षमता विकास तालिम, लेखा ब्यावस्थापन तालिम लगायतका क्षमता विकास सम्वन्धि तालिमहरुको आयोजना गरिनेछ साथै विद्यालयमा ६० प्रतिशत भन्दा वढि आदिवासी जनजाति भित्रको एकल समुदायको विद्यार्थि रहेका विद्यालयमा विद्यालयमा सम्वन्धित जातिको ऐछिक विषयमा मातृभाषा पठनपाठनका लागी विद्यालयको मागको आधारमा अनुमति प्रदान गरीनेछ ।

२५गाउपालिका भित्र रहेका सबै विद्यालयहरुलाई पुर्वाधार युक्त बनाउन प्रयत्न थालिने र हरेक विद्यालय घेरावारा, माध्यमिक विद्यालयहरुमा सिसि क्यामेरा जडान, प्रयोगशाला, आईसिटी, वालमैत्रि प्रविधिहरुको ब्यावस्थापनमा जोड दिईने र विद्यालय कर्मचारी तथा वाल शिक्षक गाउपालिका उपहार कार्यक्रम मार्फत प्रदेश सरकारको कार्यक्रमसग साझेदारी गरी मासिक १ हजार प्राप्त गर्ने गरी प्रोत्साहनको ब्यावस्था मिलाईनेछ । शिक्षा क्षेत्रमा राज्यले राष्ट्रिय रुपमा निर्धारण गरेका लक्ष र संचाललित र प्रस्तावित कार्यक्रमहरुको कार्यान्वयको अवस्थाका वारेमा निरन्तर शिक्षा शाखा,जनप्रतिनिधि र आवश्यक परेमा विज्ञको समेत सहभागितामा अनुगमन गर्ने व्यवस्था मिलाइनेछ । गाउपालिका भित्रका माध्यमिक विद्यालयहरुमा कम्फ्युटर शिक्षकको दरवन्दिलाई निरन्तरता दिई कम्फ्युटर शिक्षालाई प्रवर्द्धन गरीनेछ साथै माध्यमिक विद्यालयहरुलाई क्रमश प्रविधि मैत्रि बनाउनमा जोड दिईनेछ ।

२६.गाउपालिकाको केन्द्रमा रहेको छथर क्याम्पसको भवन निर्माण तथा गाउपालिका अध्यक्ष अक्षय कोषको निरन्तरता दिई क्याम्पसलाई ब्यावस्थीत गरिनेछ । खेलकुदको माध्यमद्वारा स्वस्थ, अनुशासित र मर्यादित जनशक्ति उत्पादन गरी गाउँ र देश विकासको आधार तयार गर्न विद्यालय, वालक्लव, युवा क्लव जस्ता माध्यम मार्फत खेलकुदका सामाग्री उपलव्ध गराउने व्यवस्था मिलाइनेछ ।

२७.खेलकुदको माध्यमबाट आन्तरिक तथा बाह्य पर्यटन भित्र्याउनका लागी राष्ट्रिय स्तरका खेलकुद प्रतिपयोगिताको आयोजना गरिनेछ र खेलकुदको विकास गर्नका लागी भलिवल,फुटवल र कराते खेलको प्रशिक्षकको ब्यावस्था मिलाईनेछ । गाउपालिका भित्र लाग्ने मेला पर्व तथा चाडहरुमा खेलकुदको प्रतियोगितालाई प्रवर्दन गदै पालिका स्तरमा गाउपालिकि अध्यक्ष कपहरुको आयोजना गरीने साथै खेलाडी छनौट प्रतियोगिताहरुको आयोजना गरी खेलाडीहरुलाई खेल क्षेत्रमा उत्साहित गराउने कार्यक्रमहरु लागु गरीनेछ ।

२८.छथर गाउँपालिका भित्र निश्चित मापदण्डको आधारमा विद्यालय स्तरीय, क्लवस्तरीय, वडास्तरीय खेलकुद कार्यक्रमको आयोजना र संचालन गर्न आवश्यक सहयोग र सहजिकरणको व्यवस्था मिलाइनेछ । गाउपालिका स्तरिय खेलाडीहरुलाई विभिन्न खेलकुदका कार्यक्रममा सहभागिता ,गराउन खानावास तथा यातायातको सुविधा उपलब्ध गराईने र प्रथम स्थान प्राप्त खेलाडीहरुलाई प्रति खेलाडी रु ५ हजार र दोश्रो स्थान प्राप्त खेलाडीहरुलाई रु ३ हजारका दरले पुरस्कृत गर्न आवस्यक श्रोत ब्यावस्थापन मिलाईनेछ ।

### स्वास्थ्य तथा जनसंख्या सम्वन्धी

२९.नेपालको संविधानले प्रत्याभुत गरेको स्वास्थ्य सम्वन्धि मौलिक हकको कार्यान्वयन गर्न आवश्यक पुर्वाधार, जनशक्ति र श्रोत साधनको व्यवस्था क्रमश: मिलाइनेछ । यस गाउँपालिकाको वडा नं.२ स्थित स्वास्थ्य चौकिलाई स्तरोन्नती गरी १५ शैयाको छथर अस्पतालको रुपमा विकास गर्न आवस्यक निति निर्माण गरी दरवन्दि समेत श्रीजना गर्दै आवस्यक पुर्वाधार विकासमा जोड दिईनेछ । स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मी र औषधिको अभाव हुन नदिन आवश्यक व्यवस्था मिलाइनेछ ।

३०.नेपाल सरकारको नीति बमोजिम स्वास्थ्य संस्था १० बजे देखि ४ बजे सम्म नै खुल्ने व्यवस्था मिलाइनेछ । सो को प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ । स्वास्थ्य शाखा मार्फत जेष्ठ नागरीक घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम लाई गाउपालिका साथी कार्यक्रमको रुपमा जेष्ठ नागरीकलाई औषधि उपचार कार्यक्रम सहित लौरो उपहार दिने कार्यक्रम लाई निरन्तरता दिईनेछ । महिला स्वाथ्य स्वयम सेविकाहरुलाई प्रोत्साहन मुलक कार्यक्रम यस आवमा पनि निरन्तरता दिईनेछ ।

## छथर गाउँपालिकाको आ.व. ०७६।०७७ को असार १० गते प्रस्तुत गरी पारित वार्षिक नीति तथा कार्यक्रम

३१. गाउपालिकाको सबै वडा स्वास्थ्य चौकीहरुमा बर्थिङ सेन्टर स्थापना गर्न जोड दिदै वडा नं. २ को शारदा र वडा नं. ६ को छिपुवामा सामुदायिक स्वास्थ्य ईकाई स्थापना गरी आवस्यक स्वास्थ्यकर्मीहरुको समेत ब्यावस्था मिलाईनेछ । गाउपालिका स्वास्थ्य शाखाबाट नियमिति संचालनमा रहेको स्वास्थ्य जागरण अभियानलाई निरन्तरता दिई स्वास्थ्य संस्थामा पुर्णरुपमा प्रसुति गराउन, सुन्य गर्भपतन, गाउपालिका दन्त उपहार कार्यक्रम, स्वास्थ्य विमा कार्यक्रम, लगायतका नियमित कार्यक्रमहरुको निरन्तरता दिईनेछ ।

### न्याय सम्पादन तथा लैङ्गिक समानता र वालवालिका

३२. कानुनी व्यवस्था बमोजिम गाउपालिमा रहेको न्ययिक समितिलाई ब्यवसथित र न्याय मुखि बनाउन न्यायिक समितिमा एक कानुनि परामर्षदाताको ब्यावस्था मिलाईनेछ र समितिमा आवस्यक कर्मचारीहरुको ब्यावस्थापन गरिदै लगिनेछ साथै न्यायिक समितिको क्षमता विकास, अध्ययन अवलोकन भ्रमण, अन्तरकृया लगायत ससक्तिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

३३. यस गाउपालिकामा कानुनि अज्ञानताका कारण छट्ने घट्नाहरुलाई ध्यानमा राखि न्यायिक समिति मार्फत समुदायमा कानुनि सचेतना मुलक कृयाकलापहरु, क्षमता विकासका कार्यक्रमहरु टोल स्तर वडा स्तर विद्यालय स्तर तथा सुरक्षा अंगहरुको विचमा समेत नियमित अन्तरकृया गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गरीनेछ ।

३४. न्यायिक समितिमा नागरीकहरुको सहज पंहुच विस्तार गर्न अन्य श्रीजनात्मक कार्यहरु संचालन गर्दै लगिनुका साथै मेलमिलाप समिति, परामर्ष दाताहरुको क्षमता विस्तार गरी उजुरी र मेलमिलापको कार्यलाई ब्यावस्थीत बनाउदै समाज र घर घरमा शान्ति स्थापनामा को कार्यलाई जोड दिईदै लगिनेछ ।

३५. सदियौं देखि समाजमा विद्यमान जातीय, लैंगिक, क्षेत्रीय आदि जस्ता विभेदलाई क्रमशः निस्तेज तुल्याउनका लागि आवश्यक चेतनामुलक र प्रवर्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ । महिलाहरुलाई स्वआर्जन गर्न सक्षम तुल्याई आर्थिक रुपमा स्वयं निर्णय लिन सक्ने तुल्याउन तालिम, क्षमता अभिबृद्धि, स्वरोजगारका कार्यक्रमहरु संचालन गरिनेछ ।

३६. नेपाल सरकारले कानून बमोजिम सरकारी सेवामा महिलालाई अरक्षित गरेको कोटामा लक्षित वर्गको पहुंच विस्तारका लागि यस गाउँपालिका भित्रका इच्छुक महिला, दलित, जनजातीहरुको लागि लोकसेवा पुर्व तयारी कक्षाको संचालन गर्ने व्यवस्था मिलाइनेछ । महिलाबाट मात्रै संचालित स्वरोजगार उद्यमहरुको प्रवर्धन र उत्पादित सामानको बजारीकरण गर्न आवश्यक पहल गरिनेछ । साथै गाउँपालिका र विषयगत शाखा/कार्यालयहरुले संभव भए सम्म स्थानीय स्तरमा उत्पादित र उपलब्ध वस्तु तथा सेवाहरुको खरीद र प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

३७. गाउँपालिका र विषयगत कार्यालयमा आवश्यक पर्ने जनशक्ति/कर्मचारी भर्ना तथा छनौट गर्दा नेपाल सरकारले कानून बमोजिम तोकेको सीमा भित्र रहि निश्चित प्रतिशत कोटा महिलाका लागि छुट्याउने नीति लिइनेछ ।

३८. यस गाउपालिकामा वालमैत्रि स्थानिय शासन गाउपालिका घोषण गर्नका लागी जिल्लामा कृयाशिल सामाजिक संघ सस्थाहरुसग समन्वय साझेदारिता सहित संचालित कार्यक्रमहरुलाई निरन्तरता दिईदै लगिनेछ । वालवालिकाहरुमा घट्ने सम्पुर्ण हिंसाहरु न्यूनिकरण गर्न किसोरीहरुमा सचेतिकरण कार्यक्रम, वालक्लव, वालसंजालहरुमा अभिमुखिकरण कार्यक्रमहरु गरिनेछ ।

### खानेपानी तथा सरसफाई

३९. पानीको श्रोतको प्रचुर सम्भावना हुंदा हुंदै पनि यस गाउँपालिकाको तल्लो क्षेत्रमा विद्यमान खानेपानीको संकट समाधान गर्नका लागि एकिकृत योजना यसै आर्थिक वर्ष भित्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ । टोलै पिच्छे रहेका खानेपानी उपभोक्ता समितिहरुलाई एकिकरण गरी एउटा वडामा एउटा मात्रै खानेपानी उपभोक्ता समितिको गठन गर्ने नीतिगत व्यवस्था गरिनेछ । यसले हाल भइरहेको पानीको खण्डिकरणलाई न्युनिकरण गरी वडाभरिको खानेपानी व्यवस्थापनका लागि वाडा समिति बोर्ड लाई जिम्मेवार वनाउने विश्वास लिइएको छ ।

४०. सरसफाईको अभावमा वर्षेनी अकालमा धेरै नेपालीले ज्यान गुमाउनु परेको तथ्यलाई मनन गरी नेपाल सरकारले यस सम्वन्धमा राष्ट्रिय अभियान नै संचालन गरेको सन्दर्भमा यस गाउँपालिकामा पनि चर्पिको निर्माण र प्रयोग तथा सरसफाई

सम्वन्धि व्यापक जनचेतना अभियान संचालन गरिनेछ र यस्ता कार्यमा सरकारी तथा गैरसरकारी निकायहरुलाई परिचालन गर्ने व्यवस्था मिलाइनेछ ।

४१. यस गाउपालिकामा संचालनमा रहेको तेलिया खानेपानी योजना, पहरे खानेपानी योजना र ढाडखोला खानेपानी योजनालाई चालु आर्थिक वर्षमा मुख्य पाईपलाईनमा जोड्ने गरी कार्य पुरा गर्ने गरी जोड दिने र वितरण लाईन सम्म क्रमागत संचालन गरी पुरा गर्दै गाउपालिकाको तल्लो क्षेत्रमा वितरण भईरहेका खानेपानीका श्रोतहरुलाई माथिल्लो क्षेत्रमा ब्यावस्थापनको योजना निर्माण गरी टोल टोलमा खानेपानी आपुर्तिको कार्य पुरा गर्ने र खानेपानी मिटर जडानको कार्यलाई मुख्य प्राथमिकतामा राखि ब्यावस्थापन गरिनेछ साथै सुख्खा ग्रस्त क्षेत्रमा विवाह ब्रतवन्ध लगायतका सामाजिक कार्यहरुमा ट्यांकर मार्फत खानेपानी आपुर्तिका लागी सेवा प्रदान गरिनेछ ।

४२. खानेपानीको दिर्घकालिन ब्यावस्थापनका लागी लिफ्टींग खानेपानी आयोजना संचालनका लागी डिपीआर निर्माणको लागी आवस्यक श्रोत सुनिश्चित गरी गाउपालिकाको सम्भावित स्थान तेलिया खोला, लम्बु खोला, तमोर नदिमा सम्भाब्यता अध्ययन गरीनेछ ।

## भाषा संस्कृति संरक्षण

४३. गाउपालिकामा रहेका विभिन्न जातजाति,भाषा,धर्म,संस्कार, संस्कृति संरक्षण तथा प्रवर्दनका लागी लक्षित वर्ग बजेट ब्यावस्थापन गरीने र विभिन्न मेला पर्व बजारहरुमा संस्कृति प्रवर्दनका लागी प्रोत्साहन गरीनेछ । गाउपालिका भित्र रहेका मठ मन्दिर, माङहिम, गुम्बा, चर्चहरुको संरक्षण प्रवर्दनका लागी विशेष योजनाका साथ कार्य गरीनेछ साथै विभिन्न क्लव, समुह, संस्थाहरुसग समन्वय सहकार्य गरी संरक्षण सम्वर्दनका कार्य अगाडी बढाईनेछ ।

## पुर्वाधार विकास

४४. छथर क्षेत्रको भौतिक पुर्वाधारको विकासलाई स्वचालित र व्यवस्थित गति प्रदान गर्न यसै आर्थिक वार्ष भित्र पुर्वाधार तथा सडक निर्माण योजनाहरुलाई प्राथमिकताका साथ कार्य निरन्तरता दिईनेछ ।

४५. सधुवा शुक्रवारे सडक कालोपत्रेको कार्य, शुक्रवारे दागपा बसन्तपुर कालोपत्रे, शुक्रवारे हाक्पारा सडक ग्राभेल,निर्माणका लागी टेण्डर प्रकृया पुरा भएकाले आगामी ३ वर्ष भित्र सम्पन्न हुने गरी प्रकृया बढाईने छ र सिंधुवा वसन्तपुर म्याङलुङ्ग सडक को बैकल्पिक मार्गको रुपमा सिधुवा शुक्रवारे म्याङलुङ सडकको स्तरउन्नति गरी प्रयोगमा ल्याईनेछ साथै छ वटै वडा जोड्ने सडकलाई पहिलो प्राथमिकतामा राखि उपलव्ध बजेट अनुसार बाह्रै महिना सवारी साधन संचालनका लागी योजना बढाईनेछ र गाउपालिका चक्र पथ स्तरउन्नती र पालिका बाट अन्य पालिका जोड्ने सडकहरु साथै शुक्रवारे बजार ढलाई कार्य, शुक्रवारे सहरीकरण सडक निर्माण कार्य लाई प्राथमिकताका साथ अगाडी बढाईनेछ ।

४६. हाल सम्म यस गाउपालिकामा टोलटोलमा सडक ट्याक ओपन गर्ने कार्य करिव पुरा भएकाले यस आवमा ट्याक ओपनको कार्य पुर्ण रुपमा बन्द गरी स्तरउन्नतीको कार्य मात्र प्राथमिकतामा राखिनेछ र आवस्यकतालाई एकिन गरेर मात्र सडक मुख खोल्ने कार्य गरिनेछ । चालु आवमा हाक्पारा मोटरेवल पुल र साख्मा मोटरेवल पुलको प्रदेश सरकार बाट डिपीआर स्वीकृत गरी डेन्डर प्रकृयामा रहेकोले चाडै काम सम्पन्न गर्न पहल गरिनेछ साथै त्रिवेणी मोटरेवल पुल निर्माण गर्न, पपदुंग र मझुवा झोलुंगे पुल निर्माण गर्न पहल गरीनेछ ।

४७. हाल देशभरिनै समस्याको रुपमा रहेको अव्यवस्थित जग्गा प्लटिङ्ग, विना मापदण्डको भवन निर्माण जस्ता विकृतिहरुलाई निरुत्साहित गर्नका लागि यसै आर्थिक वर्ष भित्र वस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्वन्धि मापदण्ड वनाई कार्यान्वयनमा ल्याइनेछ । बजार विकास समिति र अब्यवस्थीत बजार ब्यावस्थापनका लागी एक आयोग गठन गरी परिचालनको आवस्यक ऐन समेत पारित भई सकेकाले बजारका घरहरुमा घर नम्वर वितरण सहित अभिलेख राखी पुर्जा वितरण सम्मको प्रकृया अगाडी बढाईनेछ ।

सन्तवीर लिम्बु
अध्यक्ष

## छथर गाउँपालिकाको आ.व. ०७६।०७७ को असार १० गते प्रस्तुत गरी पारित वार्षिक नीति तथा कार्यक्रम

### सूचना तथा संचार सम्बन्धी

४९.यस कार्यालयको भवनमा रहेको नेपाल टेलिकमको व्याकअप तथा अन्य सामाग्री कार्यालय वाहिर व्यवस्थापनका लागि आग्रह गरिनेछ साथै यस गाउँपालिकामा रहेका सरकारी तथा निजी टेलिफोन सेवाका टावरहरु राखेवापत गाउँपालिकालाई निश्चित रकम बुझाउनु पर्ने गरी करको दायरामा ल्याइनेछ । .यस गाउँपालिकाभित्र रहेका र अव स्थापना हुने गाउँपालिकाको कार्यालय, विषयगत कार्यालय, सुरक्षा निकाय, रेडक्रस, अस्पताल तथा अन्य निकाय र पदाधिकारीहरुको सम्पर्क नम्वर सहितको टेलिफोन डाइरेक्टरी प्रकाशन गरी वितरण गर्ने व्यवस्था मिलाइनेछ । सुचना, जानकारी तथा विपदको समयमा यसलाई उपयोग गर्न सक्ने गरी व्यवस्थित तुल्याइनेछ ।

५०.सुचनाको हक लाई प्रवर्दन गर्ने खालका कार्यक्रमहरुलाई जोड दिदै गाउपालिकामा मिडीया परिचालनको माध्यम बाट सुचनाहरु अधिकतम प्रवाह गरिनेछ साथै पत्रकारहरुको भेलाको आयोजना गरी यहाको वास्तविक सम्भावनाका पक्षहरुलाई राज्यको मुलधारमा ल्याउने खालका कार्यक्रमहरु अवलम्बन गरीनेछ । गाउपालिकाको केन्द्र शुक्रवारे बजारमा एक एफ एम स्थापनाका लागी आवस्यक योजना सहित बजेटको ब्यावस्थापन गरी स्थापनाका लागी कार्य यसै आर्थिक वर्ष बाट प्रारम्भ गरीनेछ ।

### वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

५१.गाउँपालिका क्षेत्रभित्र उपलब्ध सरकारी र सार्वजनिक बांझो र पर्ति जग्गामा सरकारी, सहकारी र निजी क्षेत्र समेतको सहभागितामा व्यापक वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । यस्ता पर्ति जग्गाहरुलाई आगामी ५ वर्ष भित्र बृक्षारोपण गरी हरीयाली पार्क, पिक्निक स्पट वा मनोरन्जनस्थलका रुपमा विकास गरी आन्तरिक आय बृद्धिमा सघाउ पुग्ने गरी विकसित र व्यवस्थित गर्दै लगिनेछ ।

५२..निजी वनका रुख विक्री गर्ने अनुमतिका लागि सम्वन्धित वडा कार्यालय वा गाउँपालिकाबाट सिफारिस माग गर्दा काटिएको रुखको संख्या वरावरको संख्यामा थप नयाँ विरुवा अनिवार्य रुपमा लगाउने व्यवस्था गरेर मात्र सिफारिस दिने व्यवस्था मिलाइनेछ ।

५३.यस गाउँपालिका क्षेत्रभित्र रहेका निजी वांझो जग्गामा आय आर्जनमा सघाउ पुऱ्याउने खालका विरुवा रोप्न सम्वन्धित जग्गाधनीहरुलाई प्रोत्साहन गरिनेछ । र निजहरुलाई पुर्ण अनुदान वा लागत सहभागितामा विरुवा उपलव्ध गराउने व्यवस्था सम्वन्धित कार्यालयसंगको समन्वयमा मिलाइनेछ ।

५४.हाल विश्वव्यापि रुपमा बढ्दै गइरहेको पृथ्वीको तापक्रमले जनजीवन, कृषि, खानेपानी, प्राकृतिकप प्रकोप जस्ता क्षेत्रमा पार्न सक्ने र पारिरहेको प्रतिकुल असरका वारेमा जनचेतनामुलक कार्यक्रम संचालन, श्रव्य दृष्य सामाग्री प्रशारण जस्ता कार्यक्रम संचालन गरी वातावरण संरक्षण र जलवायु परिवर्तन प्रति नागरिकलाई सचेत तुल्याइनेछ । यस्ता कार्यक्रममा गैरसरकारी संघ संस्था, सामुदायिक संघ संस्था, विद्यालय, वालक्लव, युवाक्लव जस्ता संयन्त्रको प्रभावकारी परिचालन गरिनेछ ।

५५.वन तथा वातावरण संरक्षणमा स्थानीय समुदायलाई जिम्मेवार र जागरुक तुल्याउन सामुदायिक वन, कवुलियति वन तथा निजी वन संरक्षण र प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ । सामुदायिक वन तथा कवुलियति वनमा पर्यटकिय स्थल प्रवर्द्धन गदै वन मार्फत आयआर्जन हुने खालका कार्यक्रमहरु संचालन गरीनेछ ।

५६. विपत ब्यावस्थापनको लागी गाउपालिकामा आकस्मिक कोष खडा गरीनेछ । पारित भएको विपन ऐन लाई कार्यन्ववयनमा ल्याईनेछ । तत्काल राहत तथा उद्धार कोषको ब्यावस्थापन गरीनेछ र ५ हजार देखि प्रकृति हेरी १ लाख सम्म तत्काल सहयोगका लागी आवस्यक श्रोतको ब्यावस्थापन गरिनेछ साथै विपत सग सम्वन्धित जिल्ला प्रसासन कार्यलय, सुरक्षा अंगहरु, नेपाल रेडक्रस सोसाईटी लगायत सामाजिक संघ सस्थाहरु विच समन्वयकारी भुमिका निर्वाह गरीनेछ ।

सन्तवीर लिम्बु
अध्यक्ष

**छथर गाउँपालिकाको आ.व. ०७६।०७७ को असार १० गते प्रस्तुत गरी पारित वार्षिक नीति तथा कार्यक्रम**

**सस्थागत विकास सम्वन्धि**

**५७**. हाल नेपाल सरकारबाट स्विकृत भएको स्थानीय तहको दरवन्दि संरचना कार्यबोझ र कार्यजिम्मेवारी अनुसार अपुग रहेको हुंदा अत्यावश्यक सेवा संचालन गर्नका लागि आवश्यक प्राविधिक/प्रशासनिक कर्मचारीहरु सेवा करारको माध्यमबाट लिई कार्य संचालनको व्यवस्था मिलाइनेछ। यसरी सेवा करारमा लिंदा सेवा करार कर्मचारी छनौट सम्वन्धि निर्देशिका बमोजिम हुनेछ।

**५८**.तत्काल गाउँपालिका र वडाको दरवन्दि अनुसारको कर्मचारीहरुको पुर्तिका लागी र कार्यबोझको आधारमा सभाबाट दरवन्दि तयार गरी कार्यान्वयनमा ल्याईनेछ। कर्मचारीको सेवा प्रवाह र काम कारवाहिको सुक्ष्म अनुगमन र मुल्यांकनको मापदण्ड र संयन्त्र तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

**५९**..सुशासन र सेवा प्रवाहको अवस्थालाई परैबाट पनि निरीक्षण गर्न सक्ने गरीको प्रविधिको प्रयोग गर्ने नीति लिइनेछ। यसका लागि इलेक्ट्रोनिक हाजिरी, अनलाइन अनुगमन लगायतका विधि अवलम्वन गरिनेछ। साथै सेवा प्रवाहलाई छिटो र प्रभावकारी वनाउन र अभिलेख अद्यावधिक वनाउन आवश्यक सफ्टवेयर तथा प्रविधिको जडान गरिनेछ।

**६०**.गाउँपालिका, वडा कार्यालय र विषयगत कार्यालयहरुको काम कारवाहि र सेवा प्रवाहलाई सुचना र संचार प्रविधिको अवलम्वन गरी छिटो, छरितो र प्रभावकारी वनाउन आवश्यक व्यवस्था गरिनेछ। आवश्यकता र अवस्था अनुसार सरकारी सेवा प्रवाहलाई नागरिकको घरदैलो सम्म पुऱ्याउन जनप्रतिनिधि र कर्मचारीहरु

**६१**.वित्तीय व्यवस्थापन र सुशासनको सम्वन्धमा लेखा उत्तरदायि अधिकारी र लेखाका कर्मचारीहरुलाई पुर्णतः जिम्मेवार र उत्तरादायि हुने व्यवस्था मिलाइनेछ। लेखांकन, प्रतिवेदन तथा वित्तीय व्यवस्थापनलाई चुस्त र प्रभावकारी वनाउन आवश्यक पर्ने नविनतम प्रविधि तथा सफ्टवेयरको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

**६२** वित्तीय व्यवस्थापन सम्वन्धि सुचना तथा जानकारी नियमित रुपमा सुचना पाटि, वेभसाइट तथा अन्य माध्यम मार्फत सर्वसाधारणको जानकारीको लागि प्रकाशन र प्रशारणको व्यवस्था मिलाइनेछ। को टोलि बनाई वस्ति स्तर सम्म पुग्ने तथा निश्चित सेवा प्रवाहको लागि घुम्ति सेवाको समेत व्यवस्था गरिनेछ। वदलिंदो परिस्थिति अनुसार तादत्म्यता कायम गर्न पदाधिकारी तथा कर्मचारीलाई कम्प्युटर तथा सुचना प्रविधि सम्वन्धि अभिमुखिकरण तथा तालिमको व्यवस्था मिलाइनेछ।

**६३**.कर्मचारीलाई उसको ज्ञान, सीप र क्षमता बमोजिमको उपयुक्त जिम्मेवारी दिने व्यवस्था मिलाइनेछ। विकास निर्माण कार्यको अनुगमन तथा सेवा प्रवाह र कर्मचारीको कार्यसम्पादनको मुल्यांकन गर्न सक्ने गरी जनप्रतिनिधिहरुलाई क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गरिनेछ। प्रदेश तथा संघीय सरकारसंगको सहयोग र सहकार्यमा कर्मचारीहरुलाई सेवा कालिन तालिम, प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा कार्यक्रममा सहभागि गराउने व्यवस्था मिलाइनेछ। कर्मचारीहरुलाई प्रोत्साहमुलक कार्य लागु गरीनेछ। कार्यालयले अपनाएका र लागु गरेका नविनतम प्रविधि तथा सफ्टवेयर संचालनका विषयमा सम्वन्धित कर्मचारीहरुलाई तालिमको व्यवस्था गरिनेछ साथै दरवन्दि तेरिज अनुसार पद रिक्त भई कर्मचारीका कारण दैनिक कार्यलय संचालन तथा कार्यक्रम संचालनमा समस्या उत्पन्न हुने विषयलाई ख्याल गरी तत्कालको हकमा सेवा करारमा प्रकृया पुरा गरी कर्मचारीहरु परिचालन गरिनेछ र करार कर्मचारीहरुलाई कर्मचारी कल्याण कोषको व्यावस्था मिलाईनेछ।

**छथरे जनताको चाहाना, समृद्ध छथर निर्माणको स्थापना।**

सन्तबीर लिम्बु
अध्यक्ष